मुखियापट्टी मुसहरनिया गाँउपालिका

# स्थानीय राजपत्र

मिति: २०८३/०२/३१

मुखियापट्टी मुसहरनिया गाँउपालिका

## एन्टिरेबिज खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

प्रकाशित मिति : २०८३/०३/०९

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

## मुखियापट्टी मुसहरनिया गाँउपालिका

**मिति:** २०८३/०३/१५

**एन्टिरेबिज खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३**

स्वीकृत मितिः २०८३।०२।३१

प्रमाणीकरण मितिः २०८३।०२।३१

**प्रस्तावना:** मुखियापट्टी मुसहरनिया गाँउपालिकाका जनताको सबै प्रकारको स्वास्थ्य सुरक्षा सेवामा पहुँच सुनिश्चित तथा स्वास्थ्य सम्बन्धी मौलिक हक कार्यान्वयन गर्न रेबिज रोगको जोखिम न्यूनीकरण गर्दै मानव जीवन रक्षाका लागि गाउँपालिका क्षेत्रमा एन्टिरेबिज खोप सेवा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले , मुखियापट्टी मुसहरनिया गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ को अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

### परिच्छेद - १

### प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो कार्यविधिको नाम **"मुखियापट्टी मुसहरनिया एन्टिरेबिज खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

CamScanner

(क) **"अध्यक्ष"** भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ख) **"उपाध्यक्ष"** भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(ग) **"कार्यपालिका"** भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) **"केन्द्र/सेवा स्थल"** भन्नाले गाउँपालिकामा यस कार्यविधि अनुसार एन्टिरेबिज खोप सेवा प्रदान गर्न तोकिएको नगर अस्पताल वा स्वास्थ्य संस्थालाई सम्झनुपर्दछ।

(ङ) **"चिकित्सक तथा स्वास्थ्यकर्मी"** भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित परिषद्‌बाट अनुमति प्राप्त व्यक्तिलाई सम्झनुपर्छ।

(च) **"गाउँपालिका"** भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकालाई सम्झनुपर्छ।

(छ) **"महाशाखा"** भन्नाले स्वास्थ्य सेवा विभाग अन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) लाई सम्झनुपर्छ।

(ज) **"व्यवस्थापन समिति"** भन्नाले दफा ५ बमोजिम गठित "एन्टिरेबिज खोप सेवा सञ्चालन तथा व्यवस्थापन समिति" लाई जनाउँछ।

## परिच्छेद - २

## खोप सेवा सञ्चालन तथा व्यवस्थापन ढाँचा

**३. सञ्चालन तथा व्यवस्थापन ढाँचा:**

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

CamScanner

(१) सञ्चालन मापदण्ड नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएको रेबिज प्रोफिल्याक्सिस निर्देशिका र प्रचलित मापदण्ड बमोजिम हुनेछ। यो सेवा गैर-नाफामूलक रूपमा सञ्चालन गरिनेछ।

(२) यो सेवा जुनसुकै समयमा आवश्यक आकस्मिक सेवा दिने गरी गाउँपालिका, स्वास्थ्य शाखा र नगर अस्पतालको प्राविधिक सहयोगमा सञ्चालन हुनेछ।

(३) स्वास्थ्य सेवा विभाग तथा स्वास्थ्य कार्यालय मार्फत आपूर्ति नहुने र आपूर्ति भएको खोप (Anti-Rabies Vaccine - ARV) वा औषधि नपुग भएमा गाउँपालिकाले सोको व्यवस्थापन गर्नेछ।

(४) सेवाका लागि आवश्यक भौतिक संरचना तथा २४ सै घण्टा तापक्रम कायम रहने गरी कोल्ड चेन (Cold Chain) व्यवस्थापनको जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(५) सेवाका लागि आवश्यक आकस्मिक औषधि (Anaphylaxis Kit), सिरिन्ज र अन्य उपकरण गाउँपालिकाले व्यवस्थापन गर्नेछ, साथै साझेदार संस्था र सहयोगीहरूसँगको सहकार्यमा व्यवस्थापन गर्न सकिनेछ।

(६) केन्द्र/सेवा स्थलमा जनावरले टोकेको घाउलाई तुरुन्तै साबुन र बगिरहेको पानीले कम्तीमा १५ मिनेटसम्म सफा गर्ने छुट्टै 'घाउ व्यवस्थापन कक्ष' (Wound Washing Station) को व्यवस्थापन गरिनेछ।

**४. जनशक्ति व्यवस्थापन:**

(क) तालिमप्राप्त जनशक्ति गाउँपालिका अस्पतालका चिकित्सक र स्वास्थ्यकर्मीहरूको समन्वयमा व्यवस्थापन गरिनेछ।

(ख) थप करार जनशक्ति र स्रोत व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ।

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

CamScanner

(ग) जनशक्तिको छनौट, कार्यको सुपरिवेक्षण र सेवा सुविधा मुखियापट्टी नगर अस्पतालका कर्मचारीलाई प्रदान गरिए सरहको हुनेछ।

(घ) सेवाका लागि आउने जटिल बिरामी वा खोप पश्चात हुन सक्ने आकस्मिक जटिलताको उपचारका लागि नगर अस्पतालले तत्काल आवश्यक जनशक्ति र सेवा दिनुपर्नेछ।

**५. सेवा शुल्क:**

(१) एन्टिरेबिज खोप सेवा प्राप्त गरेबापत नेपाल सरकारको नीति बमोजिम तोकिएको सेवा शुल्क वा आकस्मिक शुल्क गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्नुपर्नेछ। (नेपाल सरकारको नीति अनुसार निःशुल्क हुने अवस्थामा सोही बमोजिम हुनेछ)।

(२) एम्बुलेन्स तथा बिरामीका लागि आवश्यक यातायात सेवा शुल्क केन्द्र वा गाउँपालिकाबाट बेहोरिने छैन।

## परिच्छेद - ३

## व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार

**६. व्यवस्थापन समितिको गठन:**

(१) खोप सेवा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ:

(क) गाउँपालिका अध्यक्ष - **अध्यक्ष**

(ख) प्रमुख प्रशासकीय अधिकृत - **सदस्य**

(ग) सेवा सञ्चालन भएको वडाको वडा अध्यक्ष - **सदस्य**

(घ) नगर अस्पताल प्रमुख - **सदस्य**

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

CamScanner

(ङ) गाउँपालिकाको पशु सेवा शाखा प्रमुख - **सदस्य** *(रेबिज जनावरसँग सम्बन्धित भएकोले)*

(च) अध्यक्षले मनोनीत गरेको प्रतिनिधि (एक जना महिला सहित २ जना) - **सदस्य**

(छ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - **सदस्य सचिव**

(२) मनोनीत सदस्यको पदावधि ३ वर्षको हुनेछ। तोकिएको जिम्मेवारी पूरा नगरेमा अध्यक्षले जुनसुकै बखत फिर्ता बोलाउन सक्नेछ।

(३) पदावधि बाँकी रहँदै गाउँपालिकाको नयाँ निर्वाचन भएमा बाँकी पदावधि स्वतः समाप्त हुनेछ।

(४) खोप सेवा प्रदान गर्ने चिकित्सक, प्राविधिक कर्मचारी वा विज्ञ व्यक्तिलाई समितिमा आमन्त्रण गर्न सकिनेछ।

**७. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:**

(१) स्वीकृत राष्ट्रिय मापदण्ड अनुसार एन्टिरेबिज खोप सेवा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने।

(२) गुणस्तरीय र दिगो सेवा प्रवाहको लागि आवश्यक नीति, योजना र कार्यक्रम निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गराउने।

(३) नियमित सञ्चालनको लागि आवश्यक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने।

(४) सेवाको नियमित अनुगमन र समीक्षा गरी सेवा प्रवाहको निरन्तरता सुनिश्चित गर्ने।

(५) कार्यरत जनशक्तिको क्षमता विकास तथा तालिमका कार्यक्रमहरू (विशेष गरी Intradermal खोप प्रविधि सम्बन्धी) सञ्चालन गर्ने।

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

(६) आवश्यक खोप, आकस्मिक औषधि (Adrenaline आदि) र उपकरणको अध्यावधिक मौज्दात र व्यवस्थापन गर्ने। (७) गम्भीर प्रकृतिको टोकाइ (Category III) भएका बिरामीहरूलाई रेबिज इम्युनोग्लोबुलिन (RIG) सेवाका लागि माथिल्लो तहको अस्पतालमा सुरक्षित रूपमा प्रेषण (Refer) गर्ने प्रणाली चुस्त बनाउने।

## परिच्छेद - ४

**विविध**

**८. न्यूनतम जनशक्ति परिचालन**:

(१) सेवाको सहजताका लागि न्यूनतम सेवा मापदण्ड बमोजिम देहाय बमोजिम जनशक्ति परिचालन गरिनेछ:

(क) नगर अस्पतालका प्रमुख वा निजले तोकेको मेडिकल अधिकृत १ जना अनकल (On-Call) मा खटिने गरी व्यवस्था गरिनेछ।

(ख) नगर अस्पतालमा कार्यरत स्टाफ नर्स वा नर्सिङ स्टाफ २ जना।

(ग) जनस्वास्थ्य शाखाको सिफारिसमा तोकिएको कोभिड/भ्याक्सिन हेर्ने परामेडिक्स न्यूनतम १ जना।

**९. अभिलेख र रिपोर्टिङ:**

(१) खोप सेवा प्राप्त गर्ने प्रत्येक बिरामीको विवरण, घाउको वर्गीकरण र खोप तालिकाको स्पष्ट अभिलेख राखिनेछ।

(२) स्वास्थ्य शाखाले मासिक रूपमा यस सेवाको प्रगति विवरण नेपाल सरकारको **DHIS-2** प्रणालीमा दर्ता र रिपोर्टिङ गर्ने व्यवस्था मिलाउनेछ।

**१०. बाधा अड्काउ फुकाउ**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउनेछ।

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

CamScanner

**११. प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका विषयहरू कार्यविधि बमोजिम र अन्य विषयहरू प्रचलित स्वास्थ्य ऐन, निर्देशिका तथा कानुन बमोजिम हुनेछ।

**१२. कार्यविधि परिमार्जन:** कार्यविधिमा परिमार्जन तथा हेरफेर गर्नु परेमा कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी गर्न सक्नेछ।

**१३. जिन्सी सामानको अभिलेख:** खोप तथा कोल्ड चेन सम्बन्धी जिन्सी सामानको अभिलेख स्वास्थ्य शाखाबाट प्रमाणित गरी राखिनेछ।

आज्ञाले

शम्भु ठाकुर

प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत